# अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३५ औं स्थापना दिवसको समारोहमा माननीय प्रमुख आयुक्तज्यूको मन्तव्य

सम्माननीय राष्ट्रपतिज्यू,

सम्माननीय उपराष्ट्रपतिज्यू,

सम्माननीय प्रधानमन्त्रीज्यू,

सम्माननीय प्रधानन्यायाधीशज्यू,

राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू,

माननीय मन्त्रीज्यूहरू,

राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यू,

आमन्त्रित अन्य सम्पूर्ण विशिष्ट महानुभावहरू तथा सञ्चारकर्मी मित्रहरू।

१. **"सुशासन र समृद्धि नागरिकको अधिकारः भ्रष्टाचार नियन्त्रणमा बनौं सबै जिम्मेवार"** भन्ने नाराका साथ मनाउन लागिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३५ औं स्थापना दिवसको शुभ-अवसरमा आयोजित यस कार्यक्रममा प्रमुख अतिथिको रूपमा पाल्नु भई हामीलाई हौसला प्रदान गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै कार्यक्रममा स्वागत गर्दछु। हाम्रो निमन्त्रणालाई स्वीकार गरी आयोगको यस कार्यक्रममा पाल्नु भएकोमा सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्रीज्यूहरू र राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, आमन्त्रित सम्पूर्ण विशिष्ट महानुभावहरूको गरिमामय उपस्थितिका लागि आभार व्यक्त गर्दै कार्यक्रममा यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु। यस महत्त्वपूर्ण अवसरमा विशिष्ट व्यक्तित्वहरूको गरिमामय उपस्थितिले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्धनको लागि हाम्रो प्रतिबद्धता र सङ्कल्पलाई अझ बलियो बनाएको मैले महसुस गरेको छु।

**सम्माननीयज्यूहरू र उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु**

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो स्थापना कालदेखि भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्दै आइरहेको छ। साथै सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा भएको पछिल्लो संशोधन अनुसार भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्तिको शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान आयोगले गर्ने भन्ने व्यवस्था भए बमोजिम आयोगले सो कसुरको समेत अनुसन्धान र अभियोजन गर्ने कार्य गर्दै आएको छ। साथै, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले आफ्नो रणनीतिक योजना तर्जुमा गरी उपचारात्मक कार्यका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक कार्य समेत सम्पादन गर्दै आएको व्यहोरा समेत यस अवसरमा जानकारी गराउन चाहन्छु।

३. मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्धन गर्ने संवैधानिक तथा कानुनी दायित्वलाई थप प्रभावकारिताका साथ निर्वाह गर्नको लागि आयोगको पाँचौ रणनीतिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। सो रणनीतिक योजनाले “भ्रष्टाचारमुक्त र सचादारयुक्त सार्वजनिक क्षेत्र” लाई दुरदृष्टि राखी “उपचारात्मक, निरोधात्मक र प्रबर्धनात्मक विधिको अवलम्बन र आयोगको संस्थागत सुदृढीकरणमार्फत् भ्रष्टाचार न्यूनीकरण गर्ने” उद्देश्य लिएको छ। पाँचौ रणनीतिक योजनाले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचारको दृष्टिले उच्च जोखिमयुक्त देखिएका क्षेत्रहरूमा आयोगले प्राथमिकताका साथ अनुसन्धान र अभियोजन गर्दै आएको छ।

४. आयोगबाट हुने अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाउन उजुरी व्यवस्थापन पद्धतिमा सुधार, विज्ञहरूको परामर्श लिने व्यवस्था, आवश्यकता अनुसार प्राइभेट कानुन व्यवसायीहरू समेतबाट बहस पैरवी गराउने व्यवस्था, उजुरी सङ्कलन तथा अनुसन्धान प्रक्रियामा सूचना प्रविधिको प्रयोगमा विस्तार, अनुसन्धानका नवीनतम विधिको अवलम्बन, अनुसन्धान अधिकृतहरूको विशिष्टीकृत क्षमता विकास जस्ता उपायहरूको माध्यमबाट भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धान र अभियोजनको गुणस्तर अभिवृद्धि गर्दै लगिएको व्यहोरा म यस अवसरमा सादर जानकारी गराउन चाहन्छु।

५. विगत पाँच वर्षमा आयोगमा १,४८,५०० वटा उजुरी दर्ता भएकोमा १,०७,९१५ वटा अर्थात् ७२.८% उजुरीको फछ्र्यौट गरिएको छ। सो अवधिमा आयोगले सात

सय भन्दा बढी मुद्दा अभियोजन गरेको छ। आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा १३७ र चालु आर्थिक वर्षमा हालसम्म ९४ वटा मुद्दा दायर भएका छन्। राज्यकोषमा भएको हानीनोक्सानीको क्षतिपूर्ति गराउने क्रममा विगत पाँच वर्षमा प्रति वर्ष औसत चार अर्ब रुपैयाँभन्दा बढी बिगो मागदाबी लिइएको छ।

६. मुलुकमा सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा आयोगको सक्रियता र योगदान बढ्दै जाँदा आयोगप्रति सर्वसाधारणको विश्वास र भरोसा बढ्दै गएको छ। उपलब्ध तथ्य र प्रमाणका आधारमा जुनसुकै तहको राजनीतिक वा प्रशासनिक पदाधिकारीहरू उपर अभियोजन गर्ने कार्यलाई आयोगले निर्भिकताका साथ सम्पादन गरिरहेको छ।

७. भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको सम्बन्धमा अनुसन्धान गरी सो कसुरमा आयोगबाट विशेष अदालतसमक्ष मुद्दा दायर भइरहेका छन्। नेपाल ग्रे-लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ तथा राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) अनुरूप आयोगले सम्पादन गर्नुपर्ने कार्यहरूको कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

८. आयोगको पाँचौ रणनीतिक योजनाले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका लागि उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिसमेत अवलम्बन गरेको छ। प्रवर्धनात्मक रणनीति अन्तर्गत आयोगले तीनै तहका सरकार, नागरिक समाज, नागरिक निगरानी संस्था, विद्यालय र सञ्चार जगतसँगको सहकार्यमा भ्रष्टाचारविरुद्ध विभिन्न सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

९. अब म आयोगको छानविन र अनुसन्धानबाट देखिएको भ्रष्टाचारजन्य कसुरको मुख्य प्रवृत्ति र प्रकृतिको बारेमा केही विषयहरु राख्न चाहन्छु।

१०. भ्रष्टाचारजन्य कार्यको सम्बन्धमा आयोगमा प्राप्त हुने उजुरीहरूको सङ्ख्यामा निरन्तर वृद्धि हुँदै गएको भए तापनि तथ्यपरक एवम् गुणस्तरीय उजुरीको कमी रहेको छ। उजुरीको छानबिन वा अनुसन्धानका क्रममा आवश्यक प्रमाण तथा कागजात प्राप्त गर्नमा सम्बन्धित निकायबाट अपेक्षित सहयोग प्राप्त हुन सकेको छैन। त्यसका लागि विभिन्न माध्यमबाट ताकेता गर्दासमेत प्रमाण/कागजातहरू समयमा प्राप्त नहुने र प्राप्त भएपनि पूर्ण रूपमा प्राप्त नहुने गरेको छ। यसबाट उजुरीको फछ्र्यौटमा लाग्ने समयावधि लम्बिने गरेको व्यहोरा म यहाँहरूलाई जानकारी गराउन चाहन्छु।

११. विगतमा फ्रन्टलाइनबाट सेवा प्रवाह गर्ने सरकारी कार्यालयमा साना खालका काममा सहजीकरणको लागि विचौलियाहरूले काम गर्ने गरेकोमा विगत ५-१० वर्षदेखि बजेट निर्माण, योजना निर्माण, महत्वपूर्ण निकायको नियुक्ति, सरूवा, बढुवा, मन्त्रीहरू नियुक्ति, सरकार परिवर्तन सम्मका कार्यका लागि शक्तिशाली विचौलियाहरूको प्रभाव बढ्दै गएको आम बुझाई छ। यीनै विचौलियाले सरकार र सरकारका सबै निकायलाई आफ्नो नियन्त्रणमा लिई तिनकै इशारामा चलाउन थालेको कारण राज्यमा सुशासन कायम हुन नसकेको भन्ने गुनासो आउन थालेको हुँदा राज्य सञ्चालकहरूले सबै क्षेत्रमा विचौलिया निषेध गर्न नसकेमा सुशासन नारामा मात्र सीमित हुने देखिन्छ।

१२. आयोगमा परेका उजुरीहरूमध्ये सार्वजनिक खरिद वा निर्माण, बजेट विनियोजन र अनुदान वितरणमा अनियमितता, गैरकानुनी लाभ हानी, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी, सेवा प्रवाहमा घुस/रिसवतको लेनदेन, नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र, राजस्व चुहावट र गैरकानुनी रुपमा सम्पत्ति आर्जनसम्बन्धी उजुरीहरू बढी रहने गरेका छन्।

१३. आयोगमा प्राप्त उजुरीको छानबिन वा अनुसन्धान गर्दा, बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने, आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, आवश्यकता र औचित्यको पहिचान नगरी बजेट विनियोजन गर्ने, न्यूनतम् मापदण्ड नै नपुगेका आयोजनामा जथाभाबी स्रोत सुनिश्चितता प्रदान गर्ने र बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा अबण्डा रकम राखी आर्थिक वर्षको बिचमा बाँडफाँड गर्ने प्रवृत्ति देखिएको छ। यस्तो प्रवृत्तिको अन्त्य गरी वित्तीय सुशासन सुनिश्चित गर्न जिम्मेवार निकायहरूले यथाशीघ्र उचित कदम उठाउन जरूरी भएको छ। आयोजनाको विस्तृत अध्ययनबाट उपयुक्त देखिएका र कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र आयोजना बैङ्कमा प्रविष्टि गर्ने, आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट आयोजनामा मात्र बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना र बजेटको तालमेल मिलाउने तथा तोकिएका कानुन, कार्यविधि र मापदण्डको पालना गर्ने विषयमा तीनै तहका सरकारहरू अझ गम्भीर हुन आवश्यक भएको छ।

१४. सार्वजनिक निकायहरूले खरिद योजनाबिना नै खरिद कार्य गर्ने, प्रतिष्पर्धा सीमित गर्ने, बिना प्रतिष्पर्धा सोझै खरिद गर्ने प्रवृत्ति रहेको पाइन्छ। मेडिकल उपकरण, औषधि लगायतका सामग्रीको खरिद तथा सूचना प्रविधिसम्बन्धी सफ्टवेयर र उपकरण खरिद गर्दा आधारभूत पूर्वाधारसमेत तयार नगरी प्रतिष्पर्धा सीमित गरी ठुलो लगानीको

दुरुपयोग भएको पाइएको छ। आवश्यकताको पहिचान बिना, लाभ-लागत विश्लेषण नगरी, सञ्चालन योजना समेत नबनाई अनावश्यक रूपमा संरचना निर्माण गर्ने, सामग्री वा सफ्टवेयर खरिद गरी प्रयोगविहीन अवस्थामा राख्ने र पुनः नयाँ खरिद तिर लाग्ने कार्य गर्ने प्रवृत्ति देखिएकोले निर्माण र खरिद गर्नु पूर्व सञ्चालन र उपयोगको सुनिश्चित हुने गरी सञ्चालन योजना तयार गरेर मात्र खरिद कार्य गर्न जरुरी भएको छ।

१५. आयोगले ठेक्का व्यवस्थापनसम्बन्धी उजुरीहरूको छानबिन वा अनुसन्धान गर्दा, पुष्टयाइँ बिना ठेक्काको म्याद थप गर्ने, निर्माण व्यवसायीलाई समय-समयमा दिनुपर्ने निर्देशन नदिने, परामर्शदाता वा निर्माण व्यवसायीको कारण आयोजनामा हुने ढिलाइको अभिलेख उपयुक्त तरिकाले नराख्ने जस्ता कमजोरीका कारण ठेकेदारको तर्फबाट क्षतिपूर्तिको लागि दाबी पेश गर्दा राज्यले ठूलो नोक्सानी बेहोरिरहेको देखिएको छ। यस्तो अवस्था आउन नदिन सम्बन्धित सार्वजनिक निकायको प्रमुख, आयोजना प्रमुख, ठेकेदार र परामर्शदातालाई कानून बमोजिम जिम्मेवार बनाउनुपर्ने हुन्छ।

१६. प्राकृतिक स्रोतसाधन विशेष गरी नदीजन्य पदार्थ र खनिज तथा खानीजन्य पदार्थको उत्खनन् र बिक्री वितरण गर्दा कानुनले तोकेको मापदण्डको पालना नगर्ने, तोकिएको परिमाणभन्दा बढी अनियन्त्रित उत्खनन तथा दोहन गर्ने, मापदण्ड विपरीतका खानी उद्योगहरू सञ्चालन गर्ने गराउने, प्रचलित कानुनबमोजिम उठाउनुपर्ने राजस्व तोकिएको समयमा नउठाउने जस्ता प्रवृत्ति बढ्दै गएको देखिएको छ। त्यस्तो प्रवृत्तिको अन्त्यका लागि सम्बन्धित निकाय तथा पदाधिकारीहरू थप जिम्मेवार हुनुपर्ने भएको छ।

१७. जिम्मेवार निकाय तथा पदाधिकारीहरूले नियम, कानुन, कार्यविधि, मापदण्ड र नागरिक बडापत्रको पालना नगर्ने, सेवा प्रवाहमा बिचौलियाहरू प्रवेश गराउने, आफूलाई तोकिएको कार्य समयमै पूरा नगर्ने, जिम्मेवारी र जवाफदेहिता नलिने, निर्णय नगरी थन्काएर राख्ने जस्ता प्रवृत्तिहरू देखिएका छन्। कर्मचारी नियुक्तिमा मिलेमतो गर्ने, आधार र मापदण्ड बिना बढुवा गर्ने, सरकारी सवारीसाधन र इन्धनको दुरुपयोग गर्ने, पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा सङ्गठित संस्थाको नियमित लेखा परीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्नेमा आलटाल गर्ने जस्ता प्रवृत्तिहरू समेत आयोगमा पर्ने उजुरीहरूबाट देखिएको छ। यस्ता प्रवृत्तिहरूको अन्त्य जरूरी छ।

१८. पछिल्लो समय सूचना प्रविधिको उपयोगको विस्तार गरी सेवा प्रवाहलाई अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने सरकारको प्रयासका बाबजुद यातायात, मालपोत,

नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमन लगायतका सेवा क्षेत्रमा अझै पनि व्यापक जनगुनासो रहेको र आयोगमा यी विषयसँग सम्बन्धित उजुरी बढ्दो क्रममा रहेका छन्। सम्बन्धित निकायहरूले यस विषयमा गम्भीरताका साथ ध्यान पुर्‍याउन जरूरी छ।

१९. भूमि प्रशासनसम्बन्धी उजुरीहरूको छानबिन वा अनुसन्धान गर्दा, सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा निश्चित व्यक्ति र समूहलाई फाइदा हुने गरी अत्यन्त न्यून भाउमा लामो समयसम्म लिजमा दिएको, विभिन्न व्यक्ति, क्लब र स्वार्थ समूहले अतिक्रमण र कब्जा गरी निजी प्रयोजनका लागि उपयोग गरेको, हदबन्दी भन्दा बढी जग्गा जफत गर्नुपर्ने कानुनी व्यवस्था लामो समयसम्म कार्यान्वयनमा नआएको र सरकारी जग्गा गैर-कानुनी रूपमा व्यक्तिका नाममा दाखिल खारेज भएकोमा सो जग्गाको दुष्कृति सच्याउने काम हुन नसकेको देखिएको छ। यस्ता कार्यहरूको अन्त्यका लागि म सम्बन्धित निकाय तथा पदाधिकारीहरूको ध्यानकर्षण गराउन चाहन्छु।

२०. भन्सार मूल्याङ्कन प्रणाली वास्तविक कारोबार मूल्यमा आधारित नभएको, भन्सार बिन्दु, सीमा नाका तथा आन्तरिक बजारबाट राजस्व चुहावट हुने गरेको, जिम्मेवार निकायहरूले प्रचलित कानुनभन्दा बाहिर गएर भन्सार र राजस्व छुट दिने गरेको, चोरी निकासी पैठारी हुने गरेको, भन्सार मूल्याङ्कनमा न्यून विजकीकरण गरी राजस्व छली हुने गरेको जस्ता विकृतिहरू राजस्व प्रशासनमा बढ्दै गएको देखिन्छ। अतः यस्ता क्रियाकलापहरू नियन्त्रण गर्न जिम्मेवार निकाय र पदाधिकारीहरू थप क्रियाशील हुन आवश्यक छ।

२१. राष्ट्रसेवक र आम नागरिकको एकीकृत वैयक्तिक विवरण व्यवस्थित हुन नसक्दा भ्रष्टाचारजन्य कसुरको अनुसन्धान प्रभावित हुने गरेको अवस्था छ। त्यसैले, राष्ट्रिय परिचयपत्र सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी सम्पूर्ण नेपाली नागरिकको वैयक्तिक विवरण, सम्पत्ति विवरण लगायतका विवरणहरू राष्ट्रिय परिचयपत्रमा राख्ने व्यवस्था शीघ्र मिलाउन आवश्यक छ भन्ने विषय पनि म सम्बद्ध निकायहरूलाई अनुरोध गर्न चाहन्छु।

२२. यी विविध भ्रष्टाचारजन्य कसुर र क्रियाकलापको नियन्त्रणको लागि आयोगको निरोधात्मक रणनीति अन्तर्गत भ्रष्टाचारविरूद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन, शासकीय संरचना सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन, योजना

तर्जुमा र बजेट विनियोजन, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, सदाचार र नैतिक आचरण प्रवर्द्धन, सूचना प्रविधिको प्रयोग, निर्वाचन प्रणाली सुधार, अनुदान वितरण, मानव पूँजी व्यवस्थापन, प्राकृतिक स्रोतको न्यायोचित उपयोग लगायतका विषयहरूमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विषयगत निकायहरूलाई आयोगले वर्षेनी विभिन्न सुझावहरु दिंदै आएको व्यहोरा यहाँहरूलाई अवगत नै छ। आयोगको ३५ औ वार्षिक प्रतिवेदन मार्फत विभिन्न १२ वटा विषयक्षेत्र र २४ वटा मन्त्रालय/निकायहरुलाई करिब ४२८ वटा सुझाव दिइएको छ।

२३. तर, आयोगले दिएका सुझावहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको छैन। वर्षेनी उही प्रकृतिको कसुर र विकृतिहरु दोहोरिरहेका देखिएकोले आयोगले वर्षेनी कतिपय सुझावहरु दोहोऱ्याएर दिनुपरेको अवस्था छ। आयोगका सुझावहरुको सम्बन्धमा विधायिकामा प्रयाप्त छलफल समेत नहुने र कार्यकारी निकायबाट कार्यान्वयनमा तदारुकता नदेखाइएको पाइएको छ। बरु आयोगका उक्त सुझावहरूले विकास निर्माण र बजेटको कार्यान्वयनमा बाधा पुऱ्याएको भनी जिम्मेवार पदाधिकारीबाट यदाकदा सार्वजनिक टिप्पणी गर्ने गरेको पाइन्छ। आयोगको सुझाव देखाई आफ्नो जिम्मेवारी पन्छाउने, निर्णय नगर्ने, तोकिएको काम नगर्ने र कानुनी उत्तरदायित्व पूरा नगर्ने प्रवृत्ति पनि कतिपय जिम्मेवार पदाधिकारीहरूमा देखिन्छ। कार्यसम्पादनको क्रममा भएका कमी कमजोरी सच्याउन कानुनी व्यवस्थाहरू पुनःस्मरण गराउने उद्देश्यले दिइएका उक्त सुझावहरूबाट विकास निर्माण, सेवा प्रवाह र सुशासनमा बाधा पुग्ने नभई सुशासन कायम गरी विकास निर्माणलाई थप नतिजामुखी बनाउन सकिन्छ। विधायिकाले निर्माण गरेको कानुनको परिपालना नगर्ने अनि परिपालना गर्नको लागि आयोगले सुझाव दिंदा विकासमा बाधा पुग्यो भन्ने भाष्य निर्माण गर्ने प्रवृत्तिको अन्त्य गर्नै पर्दछ। कानुन बनाएपछि त्यसको परिपालना गर्नै पर्दछ। परिपालना नगर्ने हो भने कानुन नै बनाउनु हुँदैन। यदि कुनै कानुनले विकासमा बाधा पुऱ्याएको छ भने त्यस्तो कानुन विधायिकाबाट संशोधन गर्न सकिने नै हुँदा सो तर्फ अग्रसर हुन समेत म यहाँहरूलाई विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु।

२४. विद्यमान कानुनको प्रभावकारी पालना गरी जनअपेक्षा अनुसार विकास र सार्वजनिक सेवा प्रवाह गरी राज्यका निकायहरुसँग नागरिकले भरोसा गर्न सक्ने अवस्था सिर्जना भएमा न त उजुरी र गुनासोहरु आउनेछन् न त निगरानी निकायहरुबाट सुझाव नै

दिनुपर्नेछ भन्ने तथ्यको मनन गर्न उपयुक्त हुने देखिएको छ। अतः तीनै तहका सरकारहरूबाट आयोगले दिएको सुझावहरूको प्रभावकारी कार्यान्वयन गरी कानुनी शासनको प्रबर्धन र नागरिकका अपेक्षा बमोजिको सभ्य र समृद्ध समाज निर्माणको जिम्मेवारी पूरा हुनेछ भन्नेमा आयोग विश्वस्त रहेको छ।

**सम्माननीयज्यूहरू र उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु**

२५. भ्रष्टाचार विकास र समृद्दिको मुख्य बाधक हो। यसको प्रवृत्ति परिवर्तनशील र बहु-आयामिक छ। पछिल्लो समय भ्रष्टाचारको परम्परागत प्रवृत्ति, स्वरूप र शैलीमा परिवर्तन हुँदै आएको छ। भ्रष्टाचारमा देखापरेका नवीनतम् प्रवृत्तिहरूको कारण भ्रष्टाचार नियन्त्रणमा विभिन्न चुनौतीहरू थपिएका छन्। त्यसैले भ्रष्टाचार नियन्त्रणको प्रयास तथा निदानको तरिकामा समेत समयोचित परिवर्तन एवं परिमार्जन जरूरी देखिएको छ। बदलिंदो चुनौतीहरूको सामना गर्न दक्ष, सक्षम र नयाँ प्रविधिसँग अभ्यस्त जनशक्ति विकास गर्न आवश्यक भएको छ।

२६. मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा आयोगको अग्रणी भूमिका रहँदै आएको कुरा निर्विवाद छ। तर, आयोग एक्लैको प्रयासले मात्र भ्रष्टाचार नियन्त्रण हुन सक्दैन। भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व र जिम्मेवारी सरकारको हो। सरकारका कार्यकारी निकायहरू भ्रष्टाचारविरुद्ध सक्रिय र निर्मम हुन सकेनन् भने सुशासन र समृद्दि सम्भव हुँदैन। यी निकायहरूले भ्रष्टाचार नै हुन नदिने गरी जिम्मेवारी बोध गर्न जरूरी छ भने भ्रष्टाचार भइहालेमा आयोगको दण्डात्मक भूमिका निर्वाहमा सबै क्षेत्रबाट सहयोगको आवश्यकता रहेको छ। दण्डात्मक विधिबाट मात्रै भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्धन गर्न सम्भव हुँदैन। यसका लागि राज्यका सबै संयन्त्र, निजी क्षेत्र, नागरिक समाज र सञ्चारजगत् लगायत सबै सरोकारवालाहरूको सामूहिक प्रयास अपरिहार्य छ। यसैगरी, भ्रष्टाचार नियन्त्रणलाई बहुआयामिक रूपमा आर्थिक-सामाजिक विकास एजेण्डामा समावेश गरी मूल प्रवाहीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। खासगरी भ्रष्टाचारको असर होइन कारण नै रोकथाम गर्न सकेमा मात्र भ्रष्टाचारलाई उल्लेख्य मात्रामा नियन्त्रण गर्न सकिन्छ।

२७. सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणका लागि गर्नुपर्ने निरोधात्मक तथा प्रवर्धनात्मक कार्यहरूप्रति राज्य संयन्त्रको क्रियाशीलता कम रहेको देखिएको छ। यस कार्यमा राज्यका सबै निकायहरूको समन्वयात्मक प्रयास सुनिश्चित हुन सकेको छैन। यस्ता कार्यका लागि राज्यको लगानीमा वृद्धि गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको

कार्यालयको नेतृत्वमा अभियानकै रुपमा देशव्यापी रूपमा निरोधात्मक र प्रबर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य भएको छ।

२८. सार्वजनिक निकायहरूले गर्ने कुन निर्णय नीतिगत हो र कुन होइन भन्ने सम्बन्धमा स्पष्ट कानुनी परिभाषाको अभाव रहेको छ। नीतिगत निर्णय र प्रशासनिक निर्णय छुट्याउने स्पष्ट आधार निर्माण भएको छैन। यसले गर्दा प्रशासनिक निर्णयबाट हुने कामहरूसमेत मन्त्रिपरिषदमा लैजाने र नीतिगत निर्णयका नाममा आफ्नो जिम्मेवारी पन्छाउने गलत प्रवृत्ति सार्वजनिक पदाधिकारीहरूमा देखिएको छ। अतः नीतिगत र प्रशासनिक निर्णयबीच स्पष्ट रेखाङ्कन हुने गरी कानुनमै आवश्यक व्यवस्था हुन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

२९. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UNCAC) का प्रावधान, सङ्घीयताका प्रावधान र अन्य समसामयिक विषय समेटिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको संशोधन प्रक्रियालाई यथाशीघ्र टुंग्याउन जरूरी छ भन्ने कुरा म सम्बद्ध सबैलाई अनुरोध गर्दछु। साथै, अनुचित कार्य, स्वार्थको द्वन्द्व, निजी र गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यको अनुसन्धानसम्बन्धी कानुनी व्यवस्था गर्न समेत ढिलो भइसकेको छ भन्ने यथार्थ म यहाँहरूसमक्ष निवेदन गर्न चाहन्छु।

३०. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धि (UNCAC) पक्ष राष्ट्रको रूपमा नेपालले सार्वजनिक तथा निजी क्षेत्रका घुस, ठगी, राजस्व छली, अवैध सम्पत्ति आर्जन, सम्पत्ति शुद्धीकरण आदि कार्यहरूलाई फौजदारी अपराधको रूपमा परिभाषित गर्नुपर्ने, आपराधिक विषयमा अन्तर्राष्ट्रिय स्तरमा सहयोग, समन्वय र सहकार्य गर्नुपर्ने जस्ता दायित्वहरू नेपालका लागि सिर्जना भएका छन्। यसले नेपालको भ्रष्टाचार नियन्त्रण प्रणालीलाई अन्तर्राष्ट्रिय मानकमा लैजानुपर्ने दायित्व सिर्जना गरेको छ। यस परिप्रेक्ष्यमा UNCAC मा व्यवस्था गरिएका प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना तर्जुमाको कार्यलाई यथाशीघ्र सम्पन्न गरी कार्यान्वयनमा लैजानको लागि म प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायत सम्बद्ध सबैलाई अपिल गर्दछु।

३१. नेपालमा पारस्परिक कानुनी सहायता ऐन र सपुर्दगी ऐन जस्ता कानुन कार्यान्वयनमा रहेको भएपनि सम्वन्धित देशहरूसँग सो सम्बन्धी द्वीपक्षीय संझौता हुन सकेको छैन। यसबाट भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा सम्बद्ध देशबाट आवश्यक तथ्य र सूचना संकलन गर्न तथा भ्रष्टाचारबाट आर्जित सम्पत्ति

नेपाल ल्याउने कार्यमा कठिनाई भइरहेको अवस्था छ। यसै तथ्यलाई दृष्टिगत गरी आवश्यक देशहरूसँग यथाशीघ्र पारस्परिक कानुनी सहायता सम्झौता गर्नको लागि आयोगले नेपाल सरकारलाई औपचारिक अनुरोध गरिसकेको व्यहोरा स्मरण गराउँदै यो कार्य सम्पन्न गर्ने विषयलाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय लगायत अन्य सरोकारवालाहरूले थप गम्भीरताका साथ लिनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

३२. आयोगमा कार्यरत कर्मचारीहरूको बारम्बार सरूवा हुने अवस्था रहेकोले पेशागत विशिष्टता, संस्थागत स्मरण र अनुसन्धान तथा अभियोजनमा गुणस्तरीयता सुनिश्चित गर्ने कार्यमा कठिनाई हुने गरेको छ। यस्तो अवस्थाको अन्त्य गर्नको लागि आयोगमा छुट्टै कमीसन क्याडर प्रणाली वा अन्य उपयुक्त प्रणालीद्वारा जनशक्ति व्यवस्थापन गर्ने व्यवस्थाका लागि सम्बद्ध कानुनमा संशोधन लगायतका आवश्यक प्रक्रियाहरू अघि बढाउने कार्यमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सबै सरोकारवालाहरूको सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा व्यक्त गर्दछु।

३३. भ्रष्टाचार र भ्रष्टाचारीहरूप्रति शून्य सहनशीलता अवलम्बन गर्ने सामाजिक संस्कृतिको विकास हुन सकेको छैन। समाजमा भ्रष्टाचारप्रतिको सहिष्णुता बढेको जस्तो देखिन्छ। जिम्मेवार राजनीतिक तथा प्रशासनिक पदाधिकारी, नागरिक समाज, सञ्चार जगत र आम नागरिक समेतमा भ्रष्टाचारका लागि अरुलाई दोष लगाउने तर आफ्नो कर्तव्य निर्वाह नगर्ने प्रवृत्ति रहेको पाइन्छ। युवा पुस्ता समेत सबैले आफ्ना अभिभावकले आर्जन गरेको सम्पत्तिको स्रोत खोज्ने गरेको भेटिदैन। आफ्नो सम्पत्तिको स्रोतको सम्बन्धमा आफ्ना अभिभावकसँग प्रश्न गर्ने संस्कृतिको विकास हुन सक्यो भने भ्रष्टाचार नियन्त्रणमा टेवा पुग्दछ भन्ने कुरामा सबैले हेक्का राख्न जरूरी छ भन्ने लाग्दछ। सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको लागि युवा पुस्ताको खबरदारी, पहरेदारी र साझेदारी अपरिहार्य हुन्छ। युवाहरूमा रहेको जोश, जाँगर र ज्ञानलाई उपयोग गर्दै राज्य संयन्त्रमा रहेका विकृतिको अन्त्य र सदाचारयुक्त समाजको निर्माण गर्नु आजको आवश्यकता हो। यस प्रकारको सन्देश जनस्तरसम्म पुर्याउन सरकारले अभियान नै सञ्चालन गर्न उपयुक्त हुन्छ भन्ने कुरा म निवेदन गर्न चाहन्छु।

३४. उच्च राजनीतिक एवम् प्रशासकीय पदाधिकारीहरूमा भ्रष्टाचारका मामिलाहरूको छानबिन वा अनुसन्धानले विकासका काम तथा प्रक्रिया नै अवरूद्ध हुने गरेको भन्ने भ्रम रहेको छ। विकास र भ्रष्टाचार नियन्त्रण परस्पर विरोधी विषयवस्तु हो कि भने जसरी जुन भाष्य निर्माण गर्न खोजिएको छ त्यो अत्यन्त चिन्ताजनक विषय हो भन्ने

लाग्दछ। आयोगले गर्ने छानबिन वा अनुसन्धानको कारण सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्य रोकिनु हुँदैन भन्नेमा आयोग स्पष्ट रहेको छ। कुनै पनि खरिद वा निर्माण वा अन्य कुनै कार्य प्रक्रियामै रहेको अवस्थामा आयोगले छानबिन वा अनुसन्धान शुरु गर्ने गरेको छैन। तसर्थ, सार्वजनिक पदाधिकारीले आयोगको छानबिन वा अनुसन्धानलाई कारण देखाई कुनै पनि विकास निर्माण तथा सेवा प्रवाह गर्ने आफ्नो पदीय जिम्मेवारीबाट विमुख नहुन म सबैलाई अनुरोध गर्दछु।

३५. भ्रष्टाचारजन्य कसुरसम्बन्धी उजुरीको संख्यामा वा दायर गरिने मुद्धाको संख्यामा वृद्धि हुँदैमा भ्रष्टाचार नियन्त्रण भइहाल्छ भन्ने मान्यता आयोगको रहेको छैन। सार्वजनिक पदाधिकारीहरूबाट स्वच्छ ढंगबाट इमान्दार भई कानुन बमोजिम कार्यसम्पादन भएमा र भ्रष्टाचार हुनै नदिने गरी मुहानमा नै रोकथाम गरिएमा भ्रष्टाचार नियन्त्रणको कार्य थप प्रभावकारी हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ। उजुरी नै गर्न नपर्ने अवस्थाको सिर्जना गर्न म सम्बद्ध सबैलाई अनुरोध गर्न चाहन्छु। यसका लागि यदि कुनै कानुन बाधक छ भने विधायिकाले उपयुक्त कानुनी व्यवस्था गर्न सक्दछ। संविधान र प्रचलित कानुनले आयोगलाई प्रदान गरेको जिम्मेवारी निर्वाह गर्ने कार्यमा आयोग प्रतिवद्ध रहेको व्यहोरा यहाँहरुको माझमा सविनय राख्न चाहन्छु।

३६. स्थायी सरकारको रुपमा रहेको नेपालको सार्वजनिक प्रशासनलाई आधुनिक, व्यवसायिक र नतिजामुखी तुल्याउन यस प्रतिको भरोसा बढाउनुपर्दछ। जिम्मेवारी पूरा गर्ने र नगर्ने राष्ट्रसेवक वीच कुनै फरक नहुने, शक्ति र सत्ताको निकट रहेकाहरु पुरस्कृत भइरहने र इमान्दार राष्ट्रसेवकको उचित मूल्यांकन नहुने परिपाटीको अन्त नभइ सार्वजनिक प्रशासन दह्रो हुँदैन र सार्वजनिक प्रशासनले दह्रो खुट्टा नटेक्दा भ्रष्टाचारजन्य क्रियाकलाप झन वृद्धि हुने प्रष्ट देखिएको छ।

३७. राज्यका तीनतहमा ७६१ वटा सरकारको अभ्यास गरेको पनि एक दशक हुन लागिसक्यो। राजनीतिक संघीयकरण अपेक्षित रुपमा संस्थागत हुन सकेको छैन। खासगरी वित्तीय व्यवस्था र कार्यकारी निकायहरुको सामान्य प्रशासनमा प्रयाप्त सुधार हुन सकेको छैन। जनताको नजिकमा रहेको सरकारप्रति नागरिकको अपेक्षा बढी भएकोले पनि हुन सक्दछ उजुरीको ५० प्रतिशत भन्दा बढी हिस्सा स्थानीय र प्रदेशतहसँग सम्बन्धित रहेको छ। खासगरी विकास आयोजना र बजेट विनियोजनमा रहेको अनुशासनहिनता, साधारण खर्चमा बढोत्तरी र अनुत्पादक वितरणमुखी कार्यक्रमहरु भ्रष्टाचारजन्य कसुरको हिसाबले जोखिममा रहेको पाइएको छ। जनताको

नाम जोडेर गरिने निर्णय वा खर्च स्वतः वैध हुन्छ भने जसो गरी स्वकीय सचिवालय, अतिथी सत्कार, राहत तथा आर्थिक सहायता, अत्याधिक सवारी इन्धन खर्च, अस्थायी र करार पदपूर्ति लगायतका प्रशासनिक, आर्थिक विकृति एवम गैर कानुनी कार्यहरु चिन्ताजनक रुपमा बढेको अवस्था छ।

३८. यी केही प्रतिनिधिमूलक शासकीय विकृति र भ्रष्टाचारजन्य क्रियाकलापहरु मात्र हुन्। यसरी आयोगको कार्यक्षेत्र र जिम्मेवारीको पक्षबाट यी विषयवस्तुलाई हेर्दा सिंगो सार्वजनिक क्षेत्रले एक पटक ठण्डा दिमागले सोच्नु पर्ने बेला आइसकेको छ कि के हामीले आफैलाई र आफ्ना भावी सन्ततीको भाग्य र भविष्यको दिगोपनाको लागि इमान्दार प्रयास गरेका छौं त? के हामीलाई साँच्चै सुशासन चाहिएको छ त? यदि चाहिएको छ भने हामीले गरेका काम, निर्णय, आदेश र व्यवहार कानुन बमोजिम छन् कि छैनन् ? अर्थात् राज्यकोष, सदाचारी मूल्य मान्यता र चरित्रमा क्षति पो पुग्छ कि भनेर छातिमा हात राखेर मनन गर्‍यौं भने जवाफ आफैं आउने नै छ। कानुनी व्यवस्था, हाम्रा भनाइ र गराईको वीचमा ठूलो अन्तरलाई कम गर्न यी प्रश्नको जवाफ आफैभित्र सर्वप्रथम खोज्न जरुरी देखिएको विषय यहाँ राख्न चाहन्छु।

३९. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन सार्वजनिक क्षेत्रको मात्र विषयवस्तु किमार्थ होइन। निजी क्षेत्रलाई नीति साझेदारको रूपमा मानिएपछि भ्रष्टाचारजन्य क्रियाकलापको साझेदार नमान्न कसरी सकिएला र? नाफा नोक्सानको हिसाव गर्नु व्यवसायिक धर्म होला तर सिंगो मुलुकको शासकीय सुधार र सुशासनको राष्ट्रिय मूल्य जगेर्ना गर्नु हरेक नागरिकको झन ठूलो जिम्मेवारी हुने हुँदा निजी क्षेत्रबाट हुन सक्ने भ्रष्टाचारजन्य कसुरको परिभाषा, एवम् कसुर र सजाय निर्धारणको कानुनी व्यवस्था गर्ने तर्फ पनि म ध्यानाकर्षण गर्न चाहन्छु। साथै राष्ट्रिय अन्तर्राष्ट्रिय संगठन, विकास साझेदार निकाय र पदाधिकारीहरु पनि भ्रष्टाचार नियन्त्रणको इकोसिष्टम भित्रै पर्ने गरी कानुनी प्रवन्ध गरिनुपर्दछ।

४०. भ्रष्टाचार एक अपराध नियन्त्रणको विषयमात्र होइन यो त समग्र शासकीय मामिलासँग सम्बन्धित विषयवस्तु हो भन्ने तथ्य हामी सबैले बुझेका नै छौं। भ्रष्टाचार नियन्त्रण समग्र शासकीय सुधारको अन्तरवस्तु भएकाले पनि राज्यका सबै अंग र क्षेत्रहरुमा भ्रष्टाचार नियन्त्रणको एजेण्डा प्राथमिकतामा पर्नुपर्दछ। आफ्नो कार्यक्षेत्रको महत्व महशुस गर्दैगर्दा भ्रष्टाचार नियन्त्रणको वृहद राष्ट्रिय अभिभारा कसैले पनि कम आकलन गर्नुहुँदैन। नागरिकको बलिदानीबाट प्राप्त राजनीतिक व्यवस्थाको मुख्य ध्येय आर्थिक सामाजिक विकास भएकाले यसकालागि सम्बद्ध सबै पक्ष इमान्दार हुन जरुरी हुन्छ।

नागरिकको विकासको आशा र अपेक्षा पूरा गर्न आआफ्नो कार्यप्रणालीमा सुशासनयुक्त आचरण र व्यवहारको अभ्यास गर्नु पर्दछ। क्षणिक, संकीर्ण, दलीय, सामुहिक वा व्यक्तिगत स्वार्थमा केन्द्रित भई आफु जिम्मेवारीमा रहँदा उदासिन रहने र जिम्मेवारीमा नहुँदा सुशासनको "मसिहा" बन्न खोज्ने प्रवृत्तिको अन्त्य हुनु पर्दछ। यसै गरी, एकातिर भ्रष्टाचार गरेकै भएपनि आफ्ना आफन्त र निकटका व्यक्तिहरूलाई कारबाही नहोस् भन्ने चाहना राख्ने तर अर्कोतिर अरुलाई भने भ्रष्टाचारमा कारबाही भएन भनेर गुनासो गर्दै हिंड्ने प्रवृत्तिलाई अविलम्ब रोक्न जरूरी छ। तसर्थ, सबै सार्वजनिक पद धारण गरेका पदाधिकारीहरूलाई कानुनले दिएको जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्न, कुनै भ्रष्टाचारजन्य गतिविधि नगर्न र देश र जनतालाई शिरमा राखेर काम गर्न हार्दिक आह्वान गर्दै संविधान र प्रचलित कानुनले तोकेको जिम्मेवारी आयोगले इमान्दारिताका साथ निष्पक्षता, तटस्थता, निर्भिकता र पेशागत विशिष्टताका आधारमा अझ प्रभावकारी रूपमा गर्ने व्यहोरा समेत निवेदन गर्दछु।

४१. अन्तमा, आयोगको स्थापना दिवसको यस अवसरमा आयोगको स्मारिका-२०८२ को लोकार्पण गर्ने र शुभकामना मन्तव्य व्यक्त गर्ने कार्यक्रममा सरिक हुन लाग्नु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

४२. सुशासन प्रबर्धन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी उत्कृष्ट लेख रचना तथा समाचार लेख्ने लेखक तथा सञ्चारकर्मीलाई पुरस्कृत गर्ने कार्यक्रममा सहभागी हुन लाग्नु भएकोमा सम्माननीय उपराष्ट्रपतिज्यू समक्ष हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

४३. आयोगका कर्मचारीलाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गर्ने र शुभकामना मन्तव्य व्यक्त गर्ने कार्यक्रममा सहभागी हुन लाग्नु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

४४. पुरस्कृत हुने कर्मचारी र सञ्चारकर्मीहरूलाई बधाई ज्ञापन गर्दछु। आगामी दिनमा यहाँहरूबाट भ्रष्टाचारविरुद्धको अभियानलाई अझ सशक्त बनाउन सहयोग पुग्ने अपेक्षा राखेको छु।

४५. आयोगको कार्यसम्पादनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरी सहजीकरण तथा हौसला प्रदान गरेकोमा नेपाल सरकारप्रति आयोगका तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु।

४६. यसैगरी, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका लागि आगामी दिनमा समेत सार्वजनिक, निजी, गैरसरकारी तथा सहकारी क्षेत्र, सञ्चारजगत्, नागरिक समाज, आम-जनसमुदाय र सम्पूर्ण सरोकारवालाहरूको सहकार्य, साझेदारी, समन्वय, सक्रियता र सहयोग रहनेछ भन्ने अपेक्षाका साथ सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्रीज्यूहरू, राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यू तथा अन्य सम्पूर्ण आमन्त्रित विशिष्ट अतिथिजन प्रति मेरो र आयोगको तर्फबाट पुनः स्वागत तथा आभार व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु।

धन्यवाद !